महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
निस्दी गाउँपालिका, पाल्पा



महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं,नेपाल

CamScanner

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

CS CamScanner

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्वन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्वन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फछ्र्यौट सम्वन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या: २०७८।७९
च.नं. ७०

मिति: २०७८।५।४

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
निस्दी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,पाल्पा ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ:
संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय,
सिंहदरबार,काठमान्डौ- प्रतिवेदन संलग्न छ।

Phone: 4258174, 4266034, 4255707; A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aagmgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल

Babar Mahal, Kathmandu, Nepal

स्थानीय तहको राय सहितको प्रतिवेदन

(लुम्बिनि,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

त्र संख्या: २०७८/७९
.नं. ७०

मिति:२०७८।५।४

ी अध्यक्षज्यू
नस्दी गाउँपालिका
ाउँ कार्यपालिकाको कार्यालय,पाल्पा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

फियत सहितको राय

हामीले निस्दी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.१ करोड ९७ लाख ९१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ६६ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५१ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु. ४१ लाख ६४ हजार र पेश्की बाँकी रु.३० हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना तीस (३०) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

ो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी परीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । [illegible] विवरण [illegible] य तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको [illegible] गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

CamScanner

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यकारिणी, अध्यक्षज्यू र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

CamScanner

निस्दी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस निस्दी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १९६ वर्ग किलोमिटर क्षेत्रफल तथा २३,४९३ जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		३६२७०८८८.९२	१	चालु खर्च		२३०७०७४५५.२२
	क. नगद			२	पूँजीगत खर्च		१४१६६५७८९.७६
	ख. बैंक	३६२७०८८८.९२		३	वित्तिय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरीक आय)		९९४७१२२८.४७		क. ऋण भुक्तानी		
	क.आन्तरिक राजस्व	१६६३२२९४.६८			ख. ब्याज भुक्तानी		
	ख. राजस्व बाँडफाँड	८२८३८९३३.७९			ग. अन्य भुक्तानी		
	ग. अन्य आय			४	लगानी		
३	वित्तिय हस्तान्तरण संघ		३१६४९७९३०		ऋण लगानी		
	क. वित्तिय समानीकरण अनुदान	९१९७९९३०			शेयर लगानी		
	ख. सशर्त अनुदान	२२१८१८०००			अन्य लगानी		
	ग.समपूरक अनुदान	२७०००००		५	धरौटी फिर्ता		५७७५५०
	घ. विशेष अनुदान			६	जनश्रमदान फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३८५८००००	७	कोष फिर्ता		
	क. वित्तिय समानीकरण अनुदान	४१३००००		८	मौज्दात		
	ख. सशर्त अनुदान	९००००००			क. बैंक मौज्दात		९६०९५१६०.६२
	ग.समपूरक अनुदान	११२५००००			ख.नगद मौज्दात		
	घ. विशेष अनुदान	१४२०००००		९	सशर्त अनुदान फिर्ता		३६४५८९८३.१६
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	संघीय सरकार	२४४५८९८३.१६	
६	अन्य			११	प्रदेश सरकार	१२००००००	
	क. क्षेत्रीय शहरी विकास योजना			१२	गत वर्षको बढी अल्या		
	ख. सडक बोर्ड नेपाल			१३	जनश्रमदान मौज्दात		
	ग. पर्यटकन बोर्ड नेपाल			१४	धरौटी मौज्दात		३२३५१०.०५
	घ. एन एन एस डब्लु ए			१५	कोष खाताको मौज्दात		
७	विभिन्न कोषतर्फको आय			१६	विविध कोष खाता		
	प्रकोप व्यवस्थापन खाता		६४८५४९१		खर्च		३४०३६७९४
८	जनसहभागिता (नगद)		१४१०७३४१.४०		बाकी		३३८७८६
९	विषयगत निकायबाट प्राप्त				प्रकोप व्यवस्थापन खाता		
१०	धरौटी आय		९०१०६०.०५		खर्च		६०५१५३९
११	लगानीको साँवा फिर्ता				बाकी बैंक मौज्दात		४३३९५२
१२	विविध खर्च खाता आम्दानी		३४३७५५८०				
१३	स्थानिय पूर्वाधार विकास साझेदारि कार्यक्रम		११६५२६८३	१७	स्थानिय पूर्वाधार विकास साझेदारि कार्यक्रम		११६५२६८३
१४	सामाजिक सुरक्षा तथा संरक्षण		४७९८४७६०	१८	सामाजिक सुरक्षा तथा संरक्षण		४७९८४७६०
१५	कृषि उत्पादन तथा पोषण सुरक्षा कार्यक्रम		३३३६७८०	१९	कृषि उत्पादन तथा पोषण सुरक्षा कार्यक्रम		३३३६७८०
१६	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग		६५४२२०	२०	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग		६५४२२०
	जम्मा		६१०३१७९६२.८४		जम्मा		६१०३१७९६२.८१

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

वित्तीय विवरण विश्लेषण

वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट पालिकाबाट पेश भएको विवरण अनुसार स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १,१८,५४,५१९।०६ ले फरक देखिएको छ ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

जिम्मेवारी फरक परेको– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.३,६२,०६,१७७।९७ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. ३,६२,७०,८८८।९२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६४,७१०।९५ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. — ६४७१०

बैंक हिसाब मिलान नगरेको– स्थानीय तह सरकार संचालन ऐन २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार बैंकमा कम देखिएकोले बैंक हिसाव मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. — ११८५४५१९

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक	कैफियत
१	चालु खर्च खाता	६३५३७२५६	११७८३४४७.६५	५१७४९८०८.९९	बैंक कम
२	पूँजीगत खर्च खाता	२२५९७९४४.७८	१८५६७५३३.३१	४०३०४१०.७७	बैंक कम
३	संचित कोष खाता	६५३२११६८.७३	१०९५६५१६८.७०	(४४२४४०००)	बैंक बढी
४	धरौटी खाता	३२३५१०.०५	४४२१०.७५	२७९२९९.३०	बैंक कम
५	विविध कोष खाता	३३८७८६	२९९७८६	३९०००	बैंक कम
	जम्मा	१५२११८६६५.५६	१४०२६४१४६.४१	११८५४५१९.०६	

आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

CamScanner

भौ.नं, मिति र ब्यहोरा	बेरुजु रकम

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.१,१७,८७,४४७।६५, पुँजीगत खर्च खातामा रु.१,८५,६७,५३३।३१ समेत गरी रु.३,०३,५४,९८०।९६ मौज्दात राखेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८७ जनाको दरबन्दी रहेकोमा ४५ दरबन्दी रिक्त रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१,०८,८८,११५।१० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सम्पत्ति हस्तान्तरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

बजेट तथा कार्यक्रम

बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र स्थानीय सभाले पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई

	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गीता कुमारी अर्यालले मिति २०७६/३/१० गते रु.४७ करोड ६८ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/३/२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु. हजारमा)

क्र. सं.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२३०६९२	५०१३१	६५३२२	११५२३९	९०८६०
२	पूँजिगत खर्चतर्फ	१४१६६६	३६६४	१९४९७	११८५०५	८९०९२
	जम्मा	३७२३५८	५३७९५	८४८१९	२३३७४४	१७९९५२
	प्रतिशत	१००	१४.४५	२२.७८	६२.७७	४८.३२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३७ करोड २३ लाख ५८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५ करोड ३७ लाख ९५ हजार अर्थात् १४.४५ प्रतिशत, दोश्रो चौमासिकमा रु.८ करोड ४८ लाख १९ हजार अर्थात् २२.७८ प्रतिशत र तेश्रो चौमासिकमा रु. २३ करोड ३७ लाख ४४ हजार अर्थात् ६२.७७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७ करोड ९९ लाख ५२ हजार अर्थात् ४८.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

क्र	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

0. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३२६८४	२५३९९	६.८२
२	पूर्वाधार विकास	१३७५६७	८१६६०	२१.९३
३	सामाजिक विकास	२४८७९९	२१२१०३	५६.९६
४	वातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	७९९४	५०२०	१.३५
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	७७८०४	४८१९१	१२.९४
	जम्मा	५०४८४८	३७२३७३	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.९६ प्रतिशत र वातावरण तथा विकासमा बजेट विनियोजन तथा खर्च गरेको छैन । ।

1. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १,६६,३२,२९४।७०, राजस्व बाँडफाँड र अनुदानबाट रु४३,७९,१६,८६३।८० समेत रु ४५,४५,४९,१५८।५० आम्दानी भएकोमा चालु तर्फ रु २३,०७,०७,४५५।२० र पूँजिगत तर्फ रु १४,१६,६५,७८९।८० समेत रु. ३७२३७३२४५।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.४६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५३,६६,४००/- खर्च भएको छ जुन आन्तरिक आयको ३२.२७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.७५ प्रतिशत चालु र ३१.१७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

2. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	बार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	१८३	१०	१	०	०

संगठन तथा कर्मचारी ब्यवस्थापन

3. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पद बाहेकको सामाजिक परिचालिक पदमा ८ जना करारमा नियुक्ति गरी बर्ष भरीमा रु.१६,४०,०००।०० भुक्तानी गरेको अनियमित देखिएको रु. १६४००००

4. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना

क्र	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रक

कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

15. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

16. **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
७	७	४	३

17. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	-
पञ्जिकरणतर्फ	
जन्मदर्ता	४९६
मृत्युदर्ता	१७२
बसाईसराई दर्ता	३८
विवाह दर्ता	१७२
सम्बन्धविच्छेद दर्ता	१७
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०.४९ कि.मि.
कालोपत्रे सडक मर्मत	-
ग्राभेल सडक निर्माण	-
ग्राभेल सडक मर्मत	-

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

18. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले

क्र.सं.	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
३५	६०	६५	८	१५	१८३

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि १ करोडसम्मका जम्मा १८३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

19. **कानून र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ७ वटा नियमावली, ३ कार्यविधि लगायत २२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २२ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

20. **न्यायीक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष कुल ४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्यौंट भई कुनै पनि विवाद बाँकी रहेको छैन ।

पदाधिकारी सुविधा

21. **पदाधिकारी पारिश्रमिक -** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.१२,१५,०००/- खर्च लेखेको देखिन्छ ।

विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष ८ जना	का पा ६ सदस्य जना	सभाका सदस्य २७ जना	जम्मा
श्रावण देखि आश्विन	९००००	८१०००	३६००००	१८००००	५०४०००	१२१५०००

22. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.४१,५१,४००/- सुविधा वापत भुक्तानी भएको छ ।

CamScanner

	भौ.नं, मिति र ब्यहोरा							
सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य २४ जना	जम्मा
१	बैठक भत्ता	४३८००	४५२००	२६८८००	९८७००	४१०९००	८६७४००
२	यातायात खर्च	०	०	०	०	०	०
३	टेलिफोन,मोबाइल	२८०००	२४०००	१६८०००	१२००००	४८००००	८२००००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	३२०००	३२०००	१६८०००	१२००००	३८४०००	७३६०००
५	अतिथि सत्कार	४८०००	४००००	२२४०००	०	०	३१२०००
६	जनसम्पर्क/विशेष कार्यसुविधा	८००००	६४०००	३३६०००	२०००००	५७६०००	१२५६०००
७	खानेपानी/बिजुली/सरसफाई	४००००	४००००	०	०	०	८००००
८	मर्मत संभार/बिद्युत र उर्जा	४००००	४००००	०	०	०	८००००
९	चाडपर्व खर्च	०	०	०	०	०	०
	जम्मा	३११८००	२८५२००	११६४८००	५३८७००	१८५०९००	४१२१४००

22.1 निबृत्तभरणलाइ सुबिधा भुक्तानीः स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन गर्न बनेको विधेयक २०७६ को दफा नं.३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचीत भई काम कारवाही शुरु गरेको र मासिक सुविधा र पारिश्रमिक नलिएको पदाधिकारी वा सदस्यले सो सुविधा नलिएको मिति देखि स्थानीयतहको आन्तरिक श्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउने छ भन्ने उल्लेख भए अनुसार पालिकाबाट प्राप्त बिबरण अनुसार देहायमा उल्लेखित निवृत्तभरण पाइरहेका पदाधिकारीहरुले सुविधा लिएको देखिन्छ । तसर्थ ऐनमा दोहोरो सुविधा लिन पाउने वा नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिएन ।

पदाधिकारीको नाम	पत्रिका	अतिथी संस्कार	जनसम्पर्क	टेलिफोन मोबाइल	कुल जम्मा
वडाध्यक्ष न्यो बहादुर सोनारी	२४०००	३२०००	४८०००	२४०००	१२८०००

23. विविध खर्च- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.६,९०,६४६/- खर्च गरेको छ ।

24. आर्थिक सहायता- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५,५२,०००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

अनुदान फिर्ता, वितरण र उपयोग

25. अनुदानको अनुगमन- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, स्वास्थ्य, शैक्षिक सेवा, सामान खरिदमा रु.३९,६५,०००/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम	रकम
१.	दलित लक्षित कार्यक्रम	७०००००
२.	भकारो सुधार कार्यक्रम	१५१५०००
३.	बुंगुर खोर सुधार कार्यक्रम	१४०००००
४.	स्वास्थ्य चौकी संचालन अनुदान	३५००००
	जम्मा	३९६५०००

CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१०,३८,८५४/- भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

गो.भौ.नं./मिति	प्रयोजन	रकम
४/२०७६-६-१८	लैङ्गिक समानता तथा समावेशीकरण	१८९६९३
५/२०७६-७-७	उपभोक्ता समितिको तालिम	१७५०००
७/२०७६-७-१४	लैङ्गिक समानता तथा समावेशीकरण	४९१९१
८/२०७६-७-१७	लैङ्गिक समानता तथा समावेशीकरण	४५५७०
९/२०७६-७-१९	लैङ्गिक समानता तथा समावेशीकरण	४७४२५
१२/२०७६-७-२०	लैङ्गिक समानता तथा समावेशीकरण	१७८००
१३/२०७६-७-२०	ई.सि.डि. तथा सट्टा तलब	४२७९५०
१४/२०७६-७-२५	सामाजिक परिचालक तलब	२०७९०
१८/२०७६-८-२९	लैङ्गिक समानता तथा समावेशीकरण	४५९०९
१९/२०७६-८-२९	लैङ्गिक समानता तथा समावेशीकरण	१९५२६
	जम्मा	१०३८८५४/-

महोत्सव तथा अन्य खर्च- स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष कुल २ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४,००,०००/- खर्च गरेको छ ।

ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)

कुल निर्माण खर्च	सोझै खरिद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
२९९११	३	१०९८	३	३४७८	५	२५३३५	११	२९९११

वार्षिक खरिद योजना/गुरुयोजनाः सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,१६,६५,७८९।८० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

कर दस्तुर एवं आन्तरिक आय

आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५,४०,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१९,९७,२८४/- अर्थात

क्रम	भौ.नं., मिति र ब्यहोरा	बेरुजु रकम

अनुमान भन्दा २१.३७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

31. आन्तरिक आय: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३१८६१८९४६.८४	१६६३२२९४.७०	५.२२

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.२२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

32. आय ठेक्का- पालिकाको कार्यक्षेत्रभित्र पर्ने नदि खोलाबाट नदिजन्य पदार्थ संकलन उत्खनन बिक्रि तथा व्यवस्थापनको लागि तयार भइ स्विकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन अनुसार देहाय अनुसार ११ वटा स्थानमा उत्खनन गर्न सकिने उल्लेख भएकोमा ७ स्थानको प्रतिस्पर्धाबाट गराइ रु.१३३०१९९।०० आय प्राप्त भएको र ४ स्थानको सूचना प्रकाशन नगरेको कारण यस वर्ष सो स्थानको आम्दानि प्राप्त नभएको र ति स्थानको आय ठेक्का नलगाउनु तथा पालिकाबाट समेत आय संकलन नगर्नुको कारण स्पष्ट भएन। पालिकाबाट प्राप्त बिबरण अनुसार आय ठेक्का सम्बन्धि बिबरण देहाय अनुसार रहेको छ ।

आइ इ इ गरेको स्थान र ठेगाना	आइ इ इ प्रतिबेदन अनुसारको परिमाण घ.मि.	बढाबढ गराएको परिमाण घ.मि.	न्यूनतम रकम	सबैभन्दा बढी कबोल रकम मू.अ.कर बाहेक	कबोल गर्नेको नाम	गा.पा.लाइ बुझाएको रकम	कैफियत
जलुकेघाट र रिपाहाघाट वडा नं-४	१८३१	१८३१	२५८५०४	२६००००	तर्क बहादुर राइ	२६००००	पालिकाबाट प्राप्त बिबरणमा गा.पा.लाइ रु.२६०० ००।०० बुझाएको उल्लेख भएकोमा सो को बैंक भौचर लेखापरीक्षणमा पेश भएन ।
भोटाहाघाट वडा नं-१ कालिगण्डकी नदि	३१८६	३१८६	४५००५०	७२०१९९	सिताराम देबकोटा रामपुर-७ पाल्पा	७२०१९९	
भोगटेघाट वडा नं-६ निस्दिखोला	११९०	४५६३	३४९१९२	३४९१९२	प्रदिप ज्ञवाली	३५००००	
खिपाघाट वडा नं-६ निस्दिखोला	९८१						
ब्याङ्घाट वडा नं-५ निस्दिखोला	६२४						

	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

बेलघाट वडा नं-५ निस्दिखोला	१८४८						
लिटिपिरिङ्गघाट वडा नं-१	४३२						भौगोलिक विकटता को कारण बढाबढ नगराएको सो स्थानबाट गिट्टी ढुङ्गा बालुवा निकासी भइ राजस्व प्राप्त भए नभएको यकिन गर्न सकिएन ।
हुक्सेघाट वडा नं-४	१२५४						
घिर्जेघाट वडा नं- ४	१५७५						
सेरोघाट वडा नं-७	१०९२						

यसरी माथि उल्लेख गरिएका स्थानका घाटका सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

- पालिकाको वडा नं. १ मा कालिगण्डकी नदी किनार भोटाहाघाटको सबैभन्दा बढि कबोल गर्ने विष्णु मल्लले रु.७५०१५०।०० मा कबोल गरेकोले मूल्यांकन समितिको मिति २०७६।६।१२ को निर्णयानुसार ७ दिनभित्र सम्झौता गर्न आउने सूचना प्रकाशन गर्न निर्णय भएकोमा सूचना प्रकाशन भए नभएको सम्बन्धमा प्रकाशित भएको सूचना लेखारीक्षणमा पेश नभएको कारण निजलाइ सूचना दिइएको थियो वा थिएन भन्न सकिएन । सबैभन्दा बढी कबोल गर्ने बिष्णु बहादुर मल्लसंग सम्झौता नभइ दोश्रो बढी कबोल गर्ने सिताराम देवकोटासंग सम्झौता गर्ने सम्बन्धमा मूल्यांकन समितिको निर्णय लेखापरीक्षणमा पेश भएन । बढी कबोल गर्ने बिष्णु बहादुर मल्लसंग सम्झौता भएको नदेखिएकोले निजले राखेको धरौटी रु.३८०००।०० सदरस्याहा गरि राजस्व दाखिला हुनुपर्ने रु. ३८०००
- जलुकेघाट र रिपाहाघाट सबैभन्दा बढी रु.२६००००।०० कबोल गर्ने तर्क बहादुर राइलाइ मिति २०७६।७।२६ मा सम्झौता गर्न आउने सूचना प्रकाशन गर्ने भएकोमा सो संग सम्झौता भए नभएको सम्बन्धमा परीक्षण गर्न बढाबढ प्रक्रियाको फाइल, सम्झौता र कार्यदेश लगायतका कागजात लेखापरीक्षणमा पेश नभएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन । साथै सोही स्थानको आय वापत मिति २०७६।८।११ मा दोश्रो बढी कबोल गर्ने हुम बहादुर सिंजालीले रु.२७८६१०।०० गा.पा.खातामा दाखिला गरेको देखिएकोले सोही बढाबढको ठेक्का वापत आम्दानी प्राप्त भएको हो वा होइन भन्ने सम्बन्धमा पालिकाबाट सो पुष्टि हुने कागजात पेश नभएकोले यकिनसाथ भन्न सकिने आधार भएन । साथै पहिलो बढी कबोल गर्नेले सम्झौता गर्न नआएको भए निजले राखेको धरौटी सदरस्याहा गरी राजस्व दाखिला हुनुपर्दछ ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन अनुसार निस्दि खोलाको भोगटेघाट,खिपाघाट,व्याङ्गघाट र बेलघाटहरुको ४५६३ घ.मि.अर्थात १६११४१ घ.फुटको न्यूनतम बार्षिक रु.६४४५६४।०० कायम गरे बमोजिम ९ महिनाको न्यूनतम रु.४८३४२३।०० कायम गरी बढाबढ गराउनुपर्नेमा न्यूनतम रु.३४९१९२।०० उल्लेख गरी बढाबढ गरेको कारण रु.१३४२३१।०० पालिकालाइ कम आम्दानी हुन गएको रु. १३४२३१
- आय ठेक्का लिएका व्यक्तिहरुले सम्झौतामा उल्लेख भए अनुसार आय रकमसाथ मू.अ.कर रकम बुझाउनुपर्नेमा कालिगण्डकी भोटाहाघाटको सिताराम देवकोटाले रु.७२०१९९।०० को रु.९३६२६।००,जलुके र रिपाहाघाटको तर्क बहादुर राइले रु.२६००००।०० को

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम
रु.३३८००।०० तथा निस्दीखोलाको प्रदिप अवालीले रु.३४९१९२।०० को रु.४५३९५।०० गरी जम्मा रु.१७२८२१।०० असुल भइ राजस्व दाखिला भएको नदेखिएकोले सम्बन्धितबाट असुल गरी पालिकाले राजस्व खातामा दाखिला गर्नुपर्ने रु.	१७२८२१

- नदिजन्य पदार्थको उत्खनन कार्य असार श्रावण र भाद्र महिनामा बन्द हुने भएकोमा भोटाहाघाट वडा नं.-१ कालिगण्डकी सिताराम देवकोटा रामपुर न.पा.-७ पाल्पासंग जेठसम्म मात्र सम्झौता गरी दिनुपर्नेमा मिति २०७७ आषाढमसान्तसम्मको लागि मू.अ.कर बाहेक रु.७२०१९९।९९ मा सम्झौता गरी कायदिश दिएको देखिएकोले जेठ महिना भन्दा पछि आषाढ महिनासम्मा दिनुको कारण स्पष्ट भएन । कालिगण्ड्की करिडोर सडक योजना कार्यान्वन इकाइलाइ आवश्यक पर्ने नदिजन्य पदार्थको लागि सो कार्यान्वन इकाइले कालिगण्डकी भोटाहाघाटबाट उत्खनन गर्नको लागि तयार पारेको १०००० घ.मि.उत्खनन गर्न सकिने आइ.इ.इ.प्रतिबेदन सहित पालिकामा उत्खनन गर्नको लागि पत्राचार गरी माग गरे अनुसार इक्विपमेन्टको प्रयोग गरी सो प्रतिबेदनमा उल्लेख भएको परिमाणमा निस्दि वडा नं. १ मा रहेको सो घाटबाट नदिजन्य पदार्थ २०७७ आषाढ मसान्तसम्म उपलब्ध गराउनु भनि गा.पा.उपाध्यक्षबाट मिति २०७७।२।३२ गते सोही घाटका नदिजन्य निकासी अनुमति लिएका सिताराम देवकोटालाइ पत्राचार गरेको देखियो । यसरी राष्ट्रिय गौरबको योजनाबाट नदिजन्य पदार्थ उत्खननको अनुमति माग गरेको अवस्थामा सिताराम देवकोटालाइ जिल्ला बिकास समितिबाट स्विकृत भएको आइ.इ.इ.प्रतिबेदन भन्दा बढी हुने गरी अनुमती दिनु प्रचलित ऐन कानून तथा सम्झौता बिपरित भएको पाइयो । साथै मिति २०७७ भाद्र महिनाको पहिलो हप्ता पालिकास्तरिय अनुगमन समितिले अनुगमन गर्दा त्यस घाटबाट अनुमति दिइएको १०००० घ.मि.भन्दा धेरै २०६०० घ.मि.नदिजन्य पदार्थ उत्खनन गरेको प्रतिवेदन पेश गरेको पाइयो । यसरी उत्खनन गरेको पदार्थ अर्को निर्णय नहुदाँसम्मको लागि निकासी गर्न नदिइ नदि किनारमा सिल गरी राखेको पालिकाबाट जानकारी गराए अनुसार लेखापरीक्षण टोली र पालिकाका कर्मचारीहरुको मिति २०७७।१२।२१ गते सो स्थानको निरीक्षण गर्दा नदिजन्य पदार्थ उत्खनन गरि नदि किनारमा थुपारी राखेको देखियो । यस प्रकार पालिकाले प्रचलित ऐन कानून अनुसार आफ्नो कार्यक्षेत्रभित्र पर्ने नदिजन्य पदार्थको अधिकतम रुपमा उपयोग गराइ पालिकाको आय बृद्धि गराउनेतर्फ लाग्नुपर्नेमा सो बिपरित गाउँपालिकाको निर्णय बिना सिताराम देवकोटालाइ अधिक परिमाण र दस्तुर उल्लेख नगरी स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनको प्रतिकुल हुने गरी बिना प्रतिस्पर्धा उत्खनन गर्न दिनु नियमसंगत देखिएन ।

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	८५००००	१२०५०३.००	१४.१८
घरजग्गा वहाल कर	२००००	२१८६०	१०९.३०
व्यवसाय कर	१०००००	२१८१५	२१.८२
वहाल विरौटी शुल्क	१५०००	०	०.००
अन्य	१५५५०००	१८३३१०६	११७.८८

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

गिट्टी, ढुंगा, बालुवाको कर: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित

क्रम	सै.नं., मिति र व्यहोरा	बेरुजु रु
	प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेकोमा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ। यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ। त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंगा,बालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
35.	राजस्व अभिलेखः कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिंएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछं । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
36.	व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२१,८१५/- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	उपभोक्ता समिति मार्फत कार्य	
37.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान अनुसार निर्माण कार्य नगरी कम काम गरी सोही कामको मूल्यांकन गरी भुक्तानी दिएको देखिएकोले उपभोक्ता समिति मार्फत काम गराउने लागत अनुमान तथा सम्झौता बमोजिमको काम नगरेको कारण निर्माण काम अधुरो रहनुको साथै निर्माण काम गुरणस्तर अनुसार भएको समेत पाइएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नमर्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नमर्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	

CamScanner

क्र.सं.	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
38.	उपभोक्ताको विल भपाई:- आर्थिक नियमावली,२०६४ मा कार्यालयले रकम भुक्तानी गर्दा रितपूर्वकको विल भपाईको आधारमा गर्नु पर्ने उल्लेख छ ।कार्यालयले उपभोक्तालाई रकम भुक्तानी गर्दा नापि तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा गर्ने गरेको भए पनि उपभोक्ताले खर्च गरेका रकमको विल भपाई समेत लिई भौचर साथ संलग्न गरेको देखियो । उपभक्ताको विल परिक्षण गर्दा लागत अनुमानमा समावेश नभएका कार्यमा खर्च गरेको,सादा कागजमा भपाई गराएको आधारमा ठूलो रकम भुक्तानी दिने गरेको,मष्टरोल फारममा उल्लेख गर्नु पर्ने सबै व्यहोरा उल्लेख गर्ने नगरेको,लागत अनुमानमा उल्लेख नभएको भन्दा बढी दरमा खरिद गर्ने जस्ता कैफियत देखियो ।कार्यालयले उपभोक्ताले पेश गरेको विल भपाईको आधारमा नभई कामको नापजाँचको आधारमा भुक्तानी दिने भए पनि उपभोक्ताले लागत अनुमानको आधारमा काम गर्ने भएकोले दर विश्लेषण अनुसारका सामान तथा मूल्य र उपभोक्ताले पेश गरेका विलमा उल्लेख भएको मूल्य परिमाण तथा सामाग्रीमा सामान्जस्यता हुनुपर्दछ ।	
39.	सार्वजनिक परीक्षण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य उपभोक्ता समितिबाट भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
40.	प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
41.	अग्रिम कर कट्टा नभएको- आयकर ऐन २०५८ को दफा ८९(३क) अनुसार उपभोक्ता समितिलाई रु.५० लाख भन्दा बढी भुक्तानीमा १.५ % अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय अनुसारको उपभोक्ता अग्रिम कर कट्टा नगरी रु.११२८९८०५।०० भुक्तानि गरिएकोले अग्रिम कर वापत रु.१.५% ले हुने रु.१६९३४७।०० असूल गर्नुपर्ने रु......	१६९३४७
42.	हेभी इक्विपमेण्टको प्रयोग- सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाटसंचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिब्यूटर, विटुमिन ब्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्बन्धित प्राविधिकको सीफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ ।	

गो.भौ.नं. र मिति	रकम	१.५ अग्रिम कर	उपभोक्ता समितिको नाम
२६७।२०७७।३।२८	५५५५५५६	८३३३३	मित्याल जलुके सडक निर्माण
५०।२०७७।३।२८	५७३४२४९	८६०१४	पालिकास्तरिय खेल मैदान निर्माण
जम्मा		१६९३४७	

क्र.सं.	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

(क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु पर्ने जटिल प्रकृतिकव कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक वाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिले विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजनां सम्बन्धि अवधारणा पनि संकट परेको देखियो ।

(ग) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्याक्टरबाट काम गराउन सक्ने छैन भनि स्पष्ट उल्लेख छ । त्यस्तै नियम ९७ (१३) (क) मा उपभोक्ता समिति वा लाभग्रही समुदायले प्राप्त गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदाय संग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ। पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत एक्साभेटर, जे.वि.सि मेशिन भाडामा लिई निर्माण व्यवसायी तथा हेभि मेशिन धनीलाई बिल तथा भर्पाइ गराएको पाईयो । उपभोक्ता समितिले स्थानीय स्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यवसायीवाट काम गराउदा परोक्ष रुपमा ठेक्कापट्टा भएको पाइएकोले यसमा नियन्त्रण हुनुपर्ने देखिएको छ ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	खर्च रकम	निर्माण व्यवसायीको नाम	बिल रकम
५०।२०७७।३।२८ संघ पूजिगत	पालिकास्तरीय खेल मैदान	५७३४२४९	पोखरेल कन्स्ट्रक्सन रामपुर	४०७०३१६
२६७।२०७७।३।२८ गा.पा.पूजिगत	मित्याल जलुके सडक	५५५५५५६	पोखरेल कन्स्ट्रक्सन रामपुर	३१३५७५
१।२०७७।२।१३ स्थानिय पूर्वाधार	लामिदमार जलुकेघाट सडकमा कजवे	२८७०९९५	पोखरेल कन्स्ट्रक्सन रामपुर	१४५१३७४
२।२०७७।२।१३ स्थानिय पूर्वाधार	झिरुवास खेलमैदान	१४५५०००	पोखरेल कन्स्ट्रक्सन रामपुर	११४०६२२
१५३।२०७७।३।२ गा.पा.पूजिगत	काफल सडक उ.स.	२८८०००	पोखरेल कन्स्ट्रक्सन रामपुर	२९६६२५
१४९।२०७७।३।२ गा.पा.पूजिगत	सारङ्गिखोला हुवास सडक	३१४९३४	पूर्वखोला निर्माण सेवा पाल्पा	३९३५३३
१५६।२०७७।३।३ गा.पा.पूजिगत	छपाक्दी वडहरे सडक	४८५०००	साजन कन्स्ट्रक्सन क.प्रा.लि.	४९९९१२
१६३।२०७७।३।५ गा.पा.पूजिगत	सिलुवा अर्चले मित्याल सडक	३८८००००	अमृत कन्स्ट्रक्सन पाल्पा	१८५०८१०
१७०।२०७७।३।९ गा.पा.पूजिगत	अधमारा रातोवृक्ष साखर्दी सडक	४८५०००	साजन कन्स्ट्रक्सन क.प्रा.लि.	४९९९१२
३५६।२०७७।३।२६ गा.पा.पूजिगत	टुडिखेल कठैडाँडा ढुँङ्गानावेसी	२९१००००	अमृत कन्स्ट्रक्सन पाल्पा	१८१३६५०
१९४।२०७७।३।१८ गा.पा.पूजिगत	शिमलडाँडा वेसारडाँडा सडक	३२५७४२	शुभ कन्स्ट्रक्सन	५००३६४
२२८।२०७७।३।२२ गा.पा.पूजिगत	मोटेखरक भोलाघराम सडक	१४३३३७३	पोखरेल कन्स्ट्रक्सन रामपुर	१५००६४०
२२७।२०७७।३।२२ गा.पा.पूजिगत	हुवास दार्सिवास सडक	१६२४०६७	पोखरेल कन्स्ट्रक्सन रामपुर	१७००१९८
२२५।२०७७।३।२२ गा.पा.पूजिगत	पारिङ पोखरीछाप ज्यामिरे सडक	२२६८८४२	पोखरेल कन्स्ट्रक्सन रामपुर	२७८८४५५
२२४।२०७७।३।२२ गा.पा.पूजिगत	गल्धाफाँट वाडखरक नामसुर्धा	५२६०९६	अमृत कन्स्ट्रक्सन पाल्पा	५५३७००
२२३।२०७७।३।२२ गा.पा.पूजिगत	गेजा दुइघरे सडक	६७०३३०	साजन कन्स्ट्रक्सन क.प्रा.लि.	४९९९९९

कार्य सम्पन्न प्रतिवेदन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

CamScanner

रूा	भौ.नं, मिति र व्यहोरा	बेरुजू र

44. लागत अनुमान तथा दर बिश्लेषणः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गर्दा सो लागत अनुमानको लागि लिइने स्विकृत दररेटको आधारमा तयार गरिनुपर्दछ । तर पालिकाले देहायका निर्माण कार्य गराएकोमा लागत अनुमान र दरबिश्लेषण लेखापरीक्षणमा पेश नभएकोले लागत अनुमानमा लिइएको दररेटका सम्बन्धमा यकिन गर्न सकिएन ।

ठेक्का नं.	काम र स्थान	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम
४१।०७६।७७	वडा नं. ५ कार्यालय भवन र बिघुतिकरण	अमृत कन्स्ट्रक्सन	१२६७४७५	१२३०१९३	१२०९६४६
२७।०७६।७७	वडा नं. ४ कार्यालय भवन र बिघुतिकरण	अमृत कन्स्ट्रक्सन	११९४१२५	११६०६९७	११९१५११
१०।०७६।७७	स्टिल पार्टस खरिद	जुनकिरी इण्डष्ट्रिज बुटवल		१०८६८५५	००

मुटुक्दीघाट झोलुङ्गेपुलको स्टिल पार्टस- सिलबन्दी कोटेशनको माध्यमबाट मुटुक्दीघाट झोलुङ्गे पुलको स्टिल पार्टसको सामान खरिद गर्न मेचिकाली राष्टिय दैनिकमा मिति २०७६।९।४ मा सूचना प्रकाशन गरेकोमा २ वटा दर्ता भएकोमा एस के इन्जिनियरिङ्गले तोकिएको समय व्यतित भइसकेपश्चात दर्ता भएकोले सो सिलबन्दी दरभाउपत्र नखोल्ने र बाँकी दरभाउपत्र खोल्ने मिति २०७६।१०।२६ गतेको मुचुल्काबाट देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेको छन ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ३ क अनुसार तिन भन्दा कम पेश भएमा पुन दोश्रो पटक सूचना प्रकाशन गरी पेश भएको सिदबन्दी दरभाउपत्रमध्येबाट सबैभन्दा कम कबोल गर्ने मध्येबाट सप्लाइ गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले एक वटा सिलबन्दी दरभाउपत्र बिक्री तथा दर्ता भएको अवस्थामा २ वटा दर्ता भएको र १ वटा तोकिएको समय पश्चात दर्ता भएकोले नखोलि बांकी रहेको सिलबन्दी दरभाउपत्र खोल्ने निर्णय मिति २०७६।१०।२६ को मुचुल्का गरेको पाइएकोले पुन सूचना प्रकाशन गर्नुपर्नेमा सो एक दरभाउपत्र स्विकृत गरेको नियमसम्मत देखिएन ।
- मुटुक्दीघाट झोलुङ्गे पुलको स्टिल पार्टसको सामान खरिदको लागत अनुमान तथा दरबिश्लेषण र सम्झौता लेखापरीक्षणमा पेश हुन आएन ।
- मुटुक्दीघाट झोलुङ्गे पुलको स्टिल पार्टसको सामान खरिदको पालिकाले दरभाउपत्र स्विकृत गर्ने सूचना मिति २०७६।११।२३ मा दिएकोमा ४ महिना पश्चात जुनकिरी इण्डष्ट्रिज प्रा.लि.बुटवलले मिति २०७७।३।३१ मा सम्झौता गर्न उपस्थित भए अनुसार सोही दिन सम्झौता गरी मिति २०७७।७।३० सम्ममा सप्लाइ गर्नेगरी सोही दिन रु.१०८६८५५।०० मा कार्यदिश दिएको देखियो । पालिकाबाट मिति २०७६।१२।७ मा १५ दिनभित्र रु.५००००।०० कार्य सम्पादन जमानत एवम अन्य आवाश्यक कागजातहरु सहित सम्झौता गर्न उपस्थित हुन पत्राचार गरेकोमा ३ महिना पश्चात रु.५००००।०० को बैंक जमानत सहित सम्झौता गर्न उपस्थित भएको देखिएकोले तोकिएको समयमै सम्झौता गर्न उपस्थित नहुने सप्लायर्ससंग खरिद सम्झौता गरेको उचित देखिएन ।

45. खरको छाना बिस्थापन कार्यक्रमः-खरको छाना बिस्तापित कार्यक्रम अन्तर्गत बोलपत्रको माध्यमबाट रु.९२४०००८।०० को हुलास स्टिल इण्डष्ट्रिज सिमराबाट २६ गेजको ९ फिटका ८५० वण्डलको प्रति बण्डल ८ पाताको दरले ६८०० पाता खरिद गरी भुक्तानी दिएकोमा जस्तापाता खरिदको मिति २०७७।१।२९ को मूल्याक समितिको निर्णयमा संयोजकको दस्तखत भएको पाइएन । खरिद गरेको जस्तापात वडा कार्यालयका कर्मचारी तथा पदाधिकारीहरु मार्फत लाभग्राही जनतालाइ बितरण गरेको बिबरण पेश भएकोमा सो को भरपाइ एवम प्रयोग भएको प्रमाण लेखापरीक्षणमा पेश नभएकोले खरिद गरिएका जस्तापाता जनताहरुले प्रयोग गरी खरको छाना बिस्थापन भए नभएको अनुगमन प्रतिबेदनको साथै प्राबिधिक मूल्यांकन पेश हुनुपर्दछ ।

वडा नं.	जस्तापाता वण्डल संख्या	पाता संख्या	जस्तापाता बुझिलिइ बितरण गर्नेको नाम र पद	जस्तापाता	जस्तापाता प्रास गर्ने लाभग्राहीको घर संख्या	कैफियत

क्र.सं	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

				वितरण संख्या		
१	२०७	१६५६	वडा सचिव दिलिप कुमार भुज	१६५६	६९	
२	५१	४०८	कार्यपालिका सदस्य गन बहादुर कामी	४०८	१७	
३	११४	९१२	वडाध्यक्ष लक्ष्मि प्रसाद पाटा मगर	९१२	३८	
४	९४	७५२	वडा सहायक सहविर खन्गाहा	७४४	३१	८ पाता वितरण गर्न बाँकी रहेको
५	१२०	९६०	वडा सचिव एकराज अर्याल	९६०	४०	
६	१०८	८६४	वडा सचिव सावित्रा गैरेले ८१ वण्डल र वडाध्यक्ष मेक बहादुर सुनारीले २७ वण्डल	८६४	३६	
७	१५६	१२४८	वडा सदस्य लाल बहादुर साहुले ८७ वण्डल र वडा सचिव नारायण तिमिल्सेनाले ६९ वण्डल	१२४८	१२४८	
जम्मा	८५०	६८००		६७९२	२८३	८ पाता

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

माथि उल्लेखित बिबरण अनुसार ८५० वण्डल जस्तापाता खरिदको लागि तयार भएको लागत अनुमान रु.९२५९६५२।०० रहेकोमा सो लागत अनुमान स्विकृत भएको छैन । सप्लायर्सले जस्तापात सप्लाइ गर्दा गुणस्तर परीक्षण गरेको प्रमाण पेश गर्नुपर्ने,स्पेशिफिकेशन अनुसार भए नभएको परीक्षण गर्नुपर्ने,सम्झौतामा प्रति बण्डल ५८ के.जि.हुनुपर्ने उल्लेख भएको हुदाँ सोही अनुसार भए नभएको परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्नेमा तौल लिएको प्रमाण पेश भएन । सप्लायर्सले जस्तापात सप्लाइ गर्दा गुणस्तर परीक्षण गरेको प्रमाण पेश गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार गर्दा ल्याव परीक्षणमा रु.२००००।०० समावेश गरी भुक्तानी भएको देखिएकोले सो लागत अनुमान तयार गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ पालिकालाइ थप व्ययभार परेको रु..... २००००

5. **सोझै खरीद-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावलीमा रु.५ लाखसम्मको खरीद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्ने व्यवस्था छ । वडा कार्यालयको लागि अल्फाबिटा इन्जिनियरिङ्ग प्रा.लि.काठमाडौंबाट २०० वाटको सोलार ४ सेट समेत मिति २०७७।३।१२ मा खरिद गरी रु.३४४५००।०० र अक्वा फ्रेस नेपाल एण्ड सोलार प्रा.लि.काठमाडौंबाट २५० वाटको प्यानल ४ सेटको समेत मिति २०७७।३।९ मा खरिद गरी रु.३९८५००।०० कुल रु.७४३०००।०० गो.भौ.नं.२७९।०७७।३।३० बाट भुक्तानी दिएकोमा अक्वा फ्रेस नेपाल एण्ड सोलार प्रा.लि.काठमाडौंबाट २५० वाटको प्यानल ४ सेट कुन स्थान र कार्यालयको लागि खरिद गरेको हो सो नखुल्ने र खरिद गरेको सोलार जडान भए नभएको प्रमाण पेश हुन आएन । यसरी सोलार खरिद गर्दा बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रद्धारा जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट खरिद गरेको अवस्थामा पालिकालाइ कम व्ययभार पर्न जाने अवस्थामा सो अनुसार नगरी नियममा भएको व्यवस्था बिपरित खरिद गरेको नियमसम्मत नभएको रु..... ७४३०००

उपभोक्ताबाट खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने तथा उपभोक्ता समितिले खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अपनाइ खरिद गर्नुपर्ने व्यवस्था रहेको भएतापनि सामाग्री खरिदको काम उपभोक्ताबाट गराउन सकिने प्रावधान भएको देखिएन । देहाय बमोजिमको खरिद उपभोक्ता समितिबाट गराइएकोमा नियममा व्यवस्था भए बमोजिमको उपभोक्ताको योगदान नभएको तथा खरिद गरिएका सामाग्रीहरु सम्बन्धित योजना तथा स्थानहरुमा जडान भए प्राबिधिक मूल्यांकन र सो सम्बन्धमा अनुगमन प्रतिबेदन पेश नभएको तथा नियमको परिपालना नभएको रु. १५९८७४०

गो.भौ.नं. र मिति	रकम	उपभोक्ताको नाम	काम

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२६१।०७७।३।२८	५९८७४०	माथिल्लो भाङ्वारी वेविस्थान	जि.आइ.पाइप र सौर्य दानेपानी
२४३।०७७।३।२५	१००००००	मवनपुर खा.पा.	सोलार समेत
जम्मा	१५९८७४०		

48. **केम बहादुर खाम्चा स्मृति भवन-** वडा नं-३ मा केम बहादुर खाम्चा भवन निर्माणको लागि रु.२४४४०९।०० लागत अनुमानमध्ये उपभोक्ताले रु.२५००००।०० र पालिकाले रु.२१८२५००।०० भुक्तानी दिने र मिति २०७६।१२।२९ सम्म सम्पन्न गर्नेगरी मिति २०७६।९।१८ मा सम्झौता भइ सम्झौता भएको ३ दिनभित्र गो.भौ.नं.३५।२०७६।९।२१ गते सम्झौता रकमको ३३ प्रतिशत रु.७,५०,०००/- पेश्की दिएको पाइयो । यसरी उपभोक्ता समितिले आषाढमा मात्र काम गरेकोले पेश्की लिएको ६ महिनापश्चात काम गर्नु उचित र नियमसम्मत नभएकोले पालिकाले उपभोक्ता समितिहरुलाइ पेश्की दिने कार्यमा पुनर्विचार गरी तोकिएकै समयमा काम गराउनुपर्दछ र तोकिएको समयमा सम्झौता अनुसार काम नगर्ने उपभोक्ता समितिका पदाधिकारीहरुलाइ प्रचलित नियमानुसार सचेत गराउनेदेखि आगामि दिनमा उपभोक्ता समितिमा बस्न नपाउने गरी पालिकामा अभिलेख राखे व्यवस्था गर्नुपर्ने देखिन्छ

49. **कोभिड बिशेष कृषि कार्यक्रम -२०७७:** कोभिड -१९ का कारण भविष्यमा वेरोजगारी बढ्ने र दिर्घकालिनमा खाद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेति प्रवद्धनबाट रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेश बाट आउने तरकारी आयातलाई घटाइ व्यापार घाटामा पनि कम गराउन कोभिड लक्ष्यीत व्यवसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा श्रृजना गरी भविष्यमा आउंन सक्ने खाद्य संकटको समस्या समाधान गर्न समेत सहयोग हुने उदेश्य राखी विदेशवाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागि आर्थिक वर्षको अन्त्यमा रु.३३३७५००।०० प्राप्त गरी १९१ जना कृषकहरुलाई रु.१००००।०० देखि रु. २००००।०० सम्मको दरले गरी रु.३०२००००।०० खर्च लेखेको छ । पालिकले यस कार्यक्रमबाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखि कार्यक्रमलाइ निरन्तरता दिए नदिएको बारेमा कोभिड विशेष कृषि कार्यक्रम कार्यविधि २०७७ ले बनाएको मापदण्ड प्रभावकारी भएतापनि आ.वको अन्त्यमा अनुदान निकासा भएको देखिएकाले कार्यविधि अनुसारको मापदण्ड पूर्ण रुपमा पालना नगरी । जस्तै तरकारी खेति मौरीघार तथा वाखापालन संम्बन्धमा कार्यविध २०७७को परिच्छेद ४ र ७ को बुंदा नं २६ र २७ तथा ३६ र ३७ ले ब्यवस्था गरे अनुसार खर्चको मापदण्ड तथा भुक्तानी प्रकृया मा कमि देखिदा आ.व पश्चात पनि संवन्धितवाला ले तोकिएको कार्य अनुसार कार्य गरेको छ वा छैन भन्ने सम्वन्धमा अनुगमन गरी सो सम्बन्धमा भएका कमी कमजोरीका सम्बन्धमा पालिकाले अनुगनमन गरेको समेत देखिएन ।

संघिय सशर्त, पूंजिगततर्फ

0. आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६ अनुसार खर्चको बिल भरपाई सहित लेखा राखी भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ । इन्द्रेणि समाजलाइ झोलुङ्गे पुलको सुपरभिजन कामको लागि मुटुक्दीघाट झोलुङ्गे पुलको गोश्वरा भौचर नं. २।२०७७।२।१३ बाट रु.५५,१०८।०० र रिपाहाघाट झोलुङ्गे पुलको गो.भौ.नं.३२।२०७७।३।१८ बाट रु.२०३४६२।०० गरी जम्मा मू.अ.कर समेत रु.२,५८,५७०/- भुक्तानी दिएकोमा सो संस्थाले बिजक पेश नगरेको हुनाले संस्था सम्बन्धित निकायमा दर्ता भइ काम गर्ने प्रमाणपत्र समेत पेश हुनुपर्ने रु. २५८५७०

1. **धरौटी कट्टी रकम-** पालिकाले देहायमा उल्लेख गरिए अनुसार धरौटी वापत कट्टी भएको रकम धरौटी खातामा दाखिला गर्नुपर्नेमा बिबिध कोष खातामा दाखिला गरेको हुनाले धरौटी खातामा दाखिला गर्नुपर्ने रु.. ७४३७७३

गो.भौ.नं. र मिति	धरौटी रकम	बिबरण
२७।२०७७।३।२८ संघिय पूँजिगत	१५२६०९	सुन्दर कन्स्ट्रक्सन सर्भिस भक्तपुर
६।२०७७।३।२६ स्थानिय पूर्वाधार बिकास	१८२३१४	पोखरेल कन्स्ट्रक्सन
२८५।०७७।३।३१ गा.पा.पूँजिगत	४०८८५०	हुलास स्टिल इन्डष्ट्रिज सिमरा

CamScanner

दफा	भौ.नं., मिति र ब्योहोरा	बेरुजू रकम
	जम्मा रकम ७४३७७३	

52\. **बिमा रकम-** वडा नं. ४ को बहुउद्धेश्यिय सभा हल निर्माण गर्ने सुन्दर कन्स्ट्रक्सन सर्भिस भक्तपुरलाइ गो.भौ.नं.२७।२०७७।३।२८ बाट रु.३४४८९३६।०० भुक्तानी दिएको पाइयो । सो निर्माण कामको लागत अनुमान र दर बिश्लेषण लेखापरीक्षणमा पेश भएन । निर्माण काम वापत भुक्तानी गर्दा रु.५६५००।०० बिमा वापत भुक्तानी दिएकोमा बिमा पोलिसि तथा प्रिमियम तिरेको बिजक पेश नगरेको हुनाले सोहि अवधिमा बिमा गरेको भए प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. — ५६५००

53\. **बिद्यालय भवन तथा शौचालय निर्माण-** देहायमा उल्लेख गरिएका बिधायलयहरुलाइ २ कोठे भवन र शौचालय निर्माणको लागि रकम भुक्तानी गरेकोमा केही बिद्यालयको लागत अनुमान तथा सम्झौतामा उपभोक्ताले व्यहोर्ने योगदान उल्लेख नगरेको र केही बिद्यालयको लागत अनुमान तथा सम्झौतामा उल्लेख गरेको भएतापनि कम योगदान गरेको देखिएको छ । यसरी निर्माण गरि सम्पन्न भएकोमा कार्य सम्पन्न प्रतिबेदनमा बिद्यालय व्यवसथापन समितिको अध्यक्ष तथा प्रधानाध्यापकको दस्तखत भएको पाइएन । साथै उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएकोमा खाजा खर्च जस्ता रकमलाइ व्यवस्थापन खर्चको रुपमा रकम भुक्तानी दिएको पाइएकोले भुक्तानी दिन मिल्ने नदेखिएको रु.... — ३५०००

गो.भौ.नं. र मिति	भुक्तानी रकम	व्यवस्थापन खर्च भुक्तानी	बिद्यालयको नाम
४७।२०७७।३।२६	१६०००००	५०००	सिन्दुर आ.बि.वडा नं-६ दुइ कोठे भवन
४६।२०७७।३।२६	१६०००००	५०००	भगवति प्रा.बि. वडा नं-१ दुइ कोठे भवन
४४।०७७।३।२५	१६०००००	५०००	लङ्गाली प्रा.बि. वडा नं-२ दुइ कोठे भवन
४५।०७७।३।२५	७०००००	०	लङ्गाली प्रा.बि. वडा नं-२ शौचालय
४२।०७७।३।२५	१६०००००	५०००	भागवारी प्रा.बि. वडा नं-२ दुइ कोठे भवन
४३।०७७।३।२५	७०००००	००	भागवारी प्रा.बि. वडा नं-२ शौचालय
३९।०७७।३।१२	१६०००००	५०००	जलदेवि आ.बि.वडा नं-४ दुइ कोठे भवन
३६।०७७।३।२१	१६०००००	५०००	जिवनज्योति आ.बि.वडा नं-४ दुइ कोठे भवन
३७।०७७।३।२१	७०००००	०	जिवनज्योति आ.बि.वडा नं-४ शौचालय
३१।०७७।३।१२	१६०००००	५०००	जनप्रिय मा.बि.वडा नं-४ दुइ कोठे भवन
जम्मा	१३३०००००	३५०००	

54\. **कार्यक्रमको अनुगमन:-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्रास उपलव्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

गो.भौ.नं. र मिति	रकम	अनुदानको बिवरण	अनुदान पाउने संस्था वा व्यक्ति	कैफियत
५।२०७७।२।१४ संघिय पूँजिगत	१४०४००	भकारो सुधार	लालिगुराँस भकारो सुधार	२७ जना कृषकलाइ बुझाएको भरपाइ लागत अनुमान तथा कार्य सम्पन्न पेश नभएको

संघीय सशर्त चालु

55\. **शिक्षक दरवन्दी र पदपूर्ति-** शिक्षा नियमावली, २०५९ नियम ७७(१) बमोजिम पहाडि जिल्लामा ४५ विद्यार्थीहरुमा १ जना शिक्षक हुने व्यवस्था छ । यस पालिकाका ५४ विद्यालयहरुमध्ये धेरै जसो विद्यालयहरुमा शिक्षक संख्याको आधारमा विद्यार्थी अनुपात ज्यादै न्यून रहेको देखिन्छ । ती विद्यालयहरुमध्ये ज्यादै न्यून विद्यार्थी संख्या भएका देहायका विद्यालयहरुलाई मर्ज गर्नुपर्ने देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१.	सिर्जना प्रा.वि.	२	२	१	२६

CamScanner

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

२.	बालहित प्रा.वि.	३	३	१	१९
३.	बाकागेझा छापडाँडा प्रा.वि.	३	३	१	२४
४.	सूर्यकिरण प्रा.वि.	२	२	१	३३
५.	पुरान्धर प्रा.वि.	४	४	०	२६
६.	जनक प्रा.वि.	३	३	१	२२
७.	पृथ्वी प्रा.वि.	३	३	२	१८
८.	शिवशंकर प्रा.वि.	२	२	०	१२
९.	नवदुर्गा प्रा.वि.	४	४	३	२७
१०.	मुना प्रा.वि.	२	२	०	१३
११.	जनसेवा प्रा.वि.	२	२	१	२२
१२.	नवप्रतिभा प्रा.वि.	१	१	०	९

56. बढी भुक्तानीः अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको कार्यमा भुक्तानी दिँदा पेश भएको बिल भरपाई भन्दा बढी रकम भुक्तानी दिएको पाइयो । अतः बढी भुक्तानीको रकम सम्बन्धितबाट असुल गरी सम्बंन्धित खातामा दाखिला गर्नुपर्ने रु.

गो.भौ.नं./मिति	नाम	भुक्तानी रकम	बिल भरपाईको रकम	बढी रकम
१८/०७७-३-२२(प्रदेश सशर्त)	साहारा ग्रामिण विकास समिति	११७०२४६	११६५०२६	५२२०

बेरुजु रकम: ५२२०

57. औषधी खरिद- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रक्रियावेगर रेबिका फार्मेसीबाट रु ४,८०,३०६।९५ र वेस्टर्न ड्रग डिस्ट्रीव्युसनबाट रु ३,४०,४००।०० गरी कुल जम्मा रु. ८,२०,७०६।९५ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन ।

57.1. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन ।

57.2. आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन ।

57.3. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

57.4. औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको पाइएन ।

57.5. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको पाइयो।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

8. प्रधानमन्त्री रोजगार कार्यक्रम- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत् स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१२ जनालाई रोजगारी उपलब्ध गराई रु.३९७०८५६/- खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिनदेखि 31 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्धकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

समानीकरण पूँजिगततर्फ

59. कन्टिन्जेन्सी खर्चको अभिलेखः सार्वजनिक ख़रिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.३०,८४,१७५/- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखे गरेको छैन ।

60. डीपीआर खर्च– बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरकोमा देखिएका व्यहोरा निम्नानुसार छनः

सि.नं.	गो.भौ.नं./मिति	परामर्शदाताको नाम	विवरण	खर्च रकम
१	२१८/०७७-३-२५	सिभिल वर्क्स इन्जिनियरिङ सर्भिसेज प्रा.लि.	वडा नं. ३ कार्यालय भवन	४९६१८३
२	१७८/०७७-३-१६	विकल्प ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	केम खाम्चा मार्ग	५८६६०५
	जम्मा			१०८२७८८

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन, प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

61. गुणस्तर परीक्षण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

सि.नं	निर्माण कामको विवरण	लागत अनुमान	सम्झौता रकम
१	वडा नं. ६ कार्यालय भवन निर्माण	३५०००००	२९७४७९७.६६
२	वडा नं. ३ कार्यालय भवन निर्माण	३५०६३४०.२३	३०३००७७.९६
३	ढुंगानावेसी कालोपत्रे सडक	६३९५५११	६०५६३१२.८५
४	पारिङ्ग पोखरीछाप ज्यामिरे मो.बा. स्तरोन्नती	३००१५०५.९१	३००१५०५.९१
५	छपाक्दी हात्ती भञ्ज्याङ्ग मो.बा. निर्माण	३००१२२७.२७	३००१२२७.२७
६	मित्याल जलुके मोटरबाटो (ग्याबिन भरेको समेत)	५५५७४०३.६३	५५५७४०३.६३
७	राईकोट खानेपानी योजना (पम्प सिस्टम खा.पा.)	३०१२०४६.२८	३११२०४६.२८

CamScanner

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गाउँपालिका चालुतर्फ	
62.	प्रमाण पेश गर्नुपर्ने - अर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य चौकी संचालन अनुदान अन्तर्गत पालिकाभित्रका ७ स्वास्थ्य चौकी र २ सामुदायिक स्वास्थ्य इकाईलाई क्रमश: रु.४५,०००/- र रु.१७,५००/- का दरले जम्मा रु.३,५०,०००/- रकम चालु स्वास्थ्यतर्फको गो.भौ.नं.२९/२०७७-३-२४ बाट उपलब्ध गराएकोमा हालसम्म पनि सोको खर्चको बिल भरपाई वा लेखापरीक्षण प्रतिवेदन समेत पेश भएको पाइएन । उक्त अनुदान रकम सम्बन्धमा सम्बन्धित स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईले प्रमाण पेश गर्नुपर्ने रु.	३५००००
63.	मित्याल बजार कालोपत्रे तथा ज्यामिरे बाकामलाङ सडकको डिपीआर: परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ बमोजिम कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने तथा नियम ७१ बमोजिम २० लाख सम्मको परामर्श सेवा खरिद गर्दा प्रस्ताव माग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान रु.५,९५,१४८।४० भएको मित्याल बजार कालोपत्रे तथा ज्यामिरे बाकामलाङ सडकको डिपीआर तयार गर्न आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी विकल्प इन्जिनियरीङ कन्सल्टेन्सि प्रा.लि.लाई छनौट गरी कार्यसम्पन्न भएपश्चात गो.भौ.नं. १७८/२०७७-३-१६ रु.५,८६,६०५।६० भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा पालिकाले तयार गरेको लागत अनुमान एवं TOR का साथै प्रस्ताव पेश गरेका परामर्शदाताहरुले पेश गरेको आर्थिक तथा प्राविधिक प्रस्तावहरु लगायतका कागजात समेत पेश हुन नआएकाले परामर्शदाताको छनौट सम्बन्धमा यकिन गर्न सकिएन । लागत अनुमान एवं TOR तथा प्रस्तावहरु पेश गर्नुपर्ने रु.	५८६६०५
4.	गो.भौ.नं.१८०/२०७७-३-१६- पालिकाले निस्दी विकास सन्देश कार्यक्रम तथा विभिन्न सूचनाहरु सम्प्रेषण गर्नका लागि सामुदायिक रेडियो रामपुरसँग मु.अ.कर सहित रु.१,२५,०००/- मा सम्झौता गरी सो रकम भुक्तानी गरेकोमा उक्त रेडियो मूल्य अभिबृद्धि करमा दर्ता भएको देखिएन । मूल्य अभिबृद्धि करमा दर्ता नै नभएको सामुदायिक रेडियो रामपुरलाई भुक्तानी गरिएको मूल्य अभिबृद्धि कर रकम निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	१४३८०
.	गो.भौ.नं.२६२/२०७७-३-३१ अर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले वास समितिको बैठकको सहभागी भत्ता वितरणको गरेबापत भुक्तानी गर्दा देवी सोमैको रु.११९०/- को भरपाई संलग्न नगरी संयोजक अर्जुन खनाललाई रकम भुक्तानी गरेको पाइयो । उक्त भरपाई बेगरको भुक्तानीको रकम सम्बन्धित संयोजकबाट असुल गर्नुपर्ने रु.	११९०
5.	भ्रमण खर्चः लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको • कतिपय भ्रमणहरु पालिका वां कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
67.	गो.भौ.नं. ७/२०७६-११-०८(चालु पशुतर्फ) भकारो सुधार कार्यक्रम अन्तर्गत गाबुडाँडा गाई भैंसी भकारो सुधार कृषक समूहसँग समूह अन्तर्गतका ३१ घर कृषकहरुको भकारो सुधारको लागि सम्झौता भई कार्यसम्पन्न भएपश्चात फरफारक गर्दा रु.४,००,७८०/- बराबरको ज्याला भुक्तानीको विवरण पेश गरेकोमा पालिकाले सो बापतको १ प्रतिशत सा.सु. कर रु ४००७।०० कट्टा नगरेकोले सम्बन्धित समूहबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	४००७
68.	पारिश्रमिक कर-: आयकर ऐन २०५८ को दफा ८७ बमोजिम रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आय गणना गरी अनुसुची १ बमोजिमका दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले- देहायकातलब भत्ताको रकम भुक्तानी गर्दा देहाय अनुसार घटी कर कट्टी गरेको देखियो । घटी भएको कर रकम सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.	२३७९७

क्र.सं.	पद नाम थर	वार्षिक आय	कर योग्य आय	कर रकम	करकट्टी भएको रकम	करकट्टी गर्न बाँकी	कैफियत
१	सि.अ.हे.व. श्री जगतबहादुर थापा	६९४२१२	५७९१८०	२०३३६	५७९२	१४५४४	छुट प्राविधिक ग्रेडको रकम समेत वार्षिक आयमा समावेश गरिएको
२	ज.स्वा.नि. श्री मिनबहादुर राना	६६०७००	५५१३३२	१४७६६	५५१३	९२५३	
					जम्मा	२३७९७	

	सामाजिक सुरक्षातर्फ	
69.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले आ.व. २०७६/७७ मा सामाजिक सुरक्षा भत्ता नगदै वितरण वितरण गरेको पाइयो ।	
70.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । पालिकाले व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा लाभग्राहीको विवरण प्रविष्टि गरेको पाइएन ।	
71.	वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्वन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
72.	कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
	विपद् व्यवस्थापन	

CamScanner

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम
73.	कार्ययोजना : विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्न लगाउने सबै पक्षको समन्वय र संलग्न गराउने । विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन बमोजिम कार्य गर्ने / गरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अध्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गरी गर्ने, गराउने सम्बन्धि व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
74.	विपद् व्यवस्थापन कोषः विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागी प्रत्येक स्थानिय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको संचालन सम्बन्धि व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.६४८५४९१/- आम्दानी भई रु.६०५१५३९/- खर्च गरी रु.४३३९५२/- बाकी देखिन्छ । पालकाले विपद व्यवस्थाको र कोभिड-१९ को खर्च छुट्टिने गरी अभिलेख राखेको छैन। अतः कोभिड-१९ को र विपदको लागि खर्च गरेको छुट्टै अभिलेख राख्नु पर्दछ ।	
75.	वार्षिक प्रतिवेदन— विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन२०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
76.	यस कोष अन्तर्गतको खर्चलाई जुन आ.व.मा जे जति प्रकृतिको खर्च भयो सो खर्च कहाँ के प्रयोजन कसलाई कति सहयोग गरेको हो भन्ने छुट्टै विवरण राख्ने व्यवस्था गरेमा सो आधारमा अर्को आ.व. मा राहत वितरण गर्दा नछुट्ने नदोहोरिने र क्षतिको यकिन गरी राहत वितरण गर्दा वढि पारदर्शिता हुनुपर्दछ ।	
77.	आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा स्थानीय तहले कार्यदक्षता, मितव्ययिता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएको विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले आन्तरिक लेखापरीणसम्म गराई प्रतिवेदन लिने कार्य भएको सो प्रतिवेदनमा औंल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गरेको पाइएन । अतः पालिकाले लेखापरीण समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजु निम्नानुसार छन् ।	
77.1.	गो.भौ.नं. ६/२०७७/३/२६(ब.उ.शि.नं. ३६५००१०४३) क) पोखेल कन्स्ट्रक्सन रामपुर पाल्पाले बिमाको रु.२५०००/- पहिलो बिलबाट भुक्तानी लिएको छ तर बिमा गरेको कागजपत्र पेश नगरेकाले असुल गर्नुपर्ने रु. ख) कार्य सम्पादन जमानत वापत बैंक ग्यारेण्टीको छाँयाप्रति स्वीकार गरी ठेक्का सम्झौता गरेको नियमसंगत नदेखिएकाले सक्कल बैंक जमानत पेश गर्नुपर्ने रु.	२५००० ३०५०००

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

77.2. निम्नलिखित योजनाहरुको लागि सामान खरिद गरेकोमा जिन्सी दाखिला सम्बन्धित कार्यालय वा संस्थामा गरी जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. — ५५३७९५

क.सं.	भौचर नं./मिति	कार्यक्रमको नाम	रकम रु.
१	११८-२०७७/१/२६(चालु)	विविध खर्च /जग्गा भाडा पसल	८७९५
२	१४३-२०७७/२/२९(पुंजीगत)	अकला मा.वि फर्निचर खरिद तथा व्यवस्थापन योजना	१०००००
३	२०९-२०७७/३/२०(पुंजीगत)	जनप्रिय मा.वि. फर्निचर खरिद योजना	३४५०००
४	२२३-२०७७/०३/२६(चालु)	भगवति प्रा.वि. सोलार तथा कम्प्युटर खरिद योजना	१०००००
		जम्मा	५५३७९५

77.3. <u>१२२/२०७७-१-३०(चालु)</u>

वडा नं.५ को २०७७/०१/२९ गतेका दिन वडा समिति बैठक खर्च अन्तर्गत खाजा नास्तामा रु.२३,४५०/- खर्च भएको देखिएको छ । अतः उक्त दिन खाजा नास्तामा भएको खर्च धेरै देखिएकोले नियम सम्मत नभएको रु. — २३४५०

77.4. <u>२००-२०७७/०३/२९(चालु)</u>

कार्यलयमा नगदी रसिद जारी हुनेमा सो को रसिद नियन्त्रण खाता राखी रसिदको नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । सिताराम देवकोटालाई कुन र के कामको लागी कर रसिद जारी गरी भुक्तानि दिईएको हो पालिकाले छानबिन गरी सम्बन्धित व्यक्तिसँग सम्पूर्ण कर रकम र नियमानुसार ब्याज असुल उपर गर्नुपर्दछ । कर रसिद प्रिन्ट बापतको रकम गणेश गौतमले हस्ते गरी बुझिलिई भरपाई उपलब्ध नभएको कारण उक्त बिल प्रिन्ट बापतको रकम भुक्तानींको बिल भरपाई सहित नियमित गर्नुपर्ने रु. — ४५०८

77.5. <u>१४२-२०७७/०२/२९</u>

दमार सिंचाई पाईप खरिद योजना अन्तर्गत नापी किताब अनुसार 32mm diameter HDP pipe 6kg/cm² को लम्बाई 600m दर रु 70.2295 .गरी जम्मा रकम रु 42137.700 .र 25mm diameter HDP pipe 10kg/cm² को 1500m दर रु 62.7715 .जम्मा दर कायम भएकोमा प्राप्त बिल अनुसार 136294.95 गरी कुल 94157.250 32mm diameter HDP pipe 6kg/cm ²रु 37290.र 25mm diameter HDP pipe 10kg/cm² रु 83325 .जम्मा रु 120615 .प्राप्त भएको देखियको तर कार्यालय बाट रु 136294.95.नै खर्च लेखिएकोले बढी रु 15679.95 खर्च लेखिएको रकम असुल हुनुपर्ने रु. — १५६७९

77.6. पुंजीगतर्फ उपभोक्ता समिति तालिममा पारिश्रमिक कर कट्टीको रकम रु 8400 आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा संचित कोषमा दाखिला गरिएकोले संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु. — ८४००

77.7. <u>१९८-२०७७/०३/१८(पुंजीगत)</u>

चारघरे बिचटोल खेल मैदान निर्माण योजना वापत रु.३०००००/- भुक्तानि गरेकोमा रु.१८०२३ सिमेन्ट खरिद, रु.२९५५२० ज्याला बापत खर्च गरेको देखियो जुन measurement sheet र कार्य सम्पन्न प्रतिवेदन परिमाण वीच तादाम्यता नरहेकाले निर्माण कार्य भए नभएको एकिन गर्न सकिएन अत योजनाको गुणस्तर सार्वजनिक सुनुवाई र अनुगमन गरी प्रमाण पेश गर्नुपर्ने रु. — ३०००००

78. पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा तोकिएको म्यादभित्र यसै (३) नियमावलीको कार्यबिधि अपनाईफछ्यौंट गर्नु गराउनु पेश्की लिनेदिने दुवैको कर्तब्य हुने उल्लेख छ। देहायबमोजिम दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट भएको देखिएन । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की फछ्यौंट हुनुपर्ने रु. — ३००००

सि.नं.	गो.भौ.नं./मिति	पेश्की लिनेको नाम	प्रयोजन	रकम
१	३/२०७६-११-२२	श्री जनता मा.वि.	परिक्षा व्यवस्थापन	३००००

CamScanner

79. (१) कोभिड– पालिकाबाट प्राप्त आम्दानी खर्चको विवरण अनुसार कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ आषाढ मसान्त सम्म देहाय अनुसार आम्दानी तथा खर्च भएको देखिन्छ ।

बजेट/आम्दानीको स्रोत	रकम	खर्च शीर्षक	रकम
स्थानीय तहको आफ्नै बजेटबाट	३५०००००	राहत वितरण	१११३०४४
प्रदेश कोभिड कोषबाट	१००००००	राहत वितरण भाडा	
अन्य स्रोतबाट	९८५४९१	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	२६६९०७९
		आइसोलेशन केन्द्र व्यवस्थापन तथा संचालन	६११२५
		जनचेतना, परिचालन तथा अन्य व्यवस्थापन	३१८२००
		औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	११३३१४६
		कोभिड बिमा	९६०७०
		तानसेन होल्डिङ सेन्टर	१०००००
		प्रसार प्रसार	२०५५०
		पि.सि.आर परीक्षण दै.भ.भत्ता	१२७४६५
		अन्य शिर्षकमा भएको खर्च	५०१३००
जम्मा	५४८५४९१	जम्मा	६०५१५३९

(क) पालिकाबाट प्राप्त एकिकृत आर्थिक विवरणमा आम्दानी रु.५४८५४९१।०० प्राप्त भएकोमा रु. ६०५१५३९।०० खर्च भइ निकासा भन्दा रु.५६६०४८।०० बढी खर्च भएको देखियो । यसरी बढी खर्च भएको रकम भुक्तानी बाँकी रहेकोले आ.ब.२०७७।०७८ मा भुक्तानी दिएको पालिकाबाट पेश भएको बिवरणमा उल्लेख गरिएको छ ।

(ख) पालिकाले शिर्षकगत आम्दानी खर्चको अभिलेख नराखेको कारण उक्त शीर्षकगत खर्च भिडान गर्न सकिने स्थिति छैन । अत : शीर्षकगत आम्दानी खर्चको अभिलेख राखु पर्दछ । साथै पालिकाले प्रकोप व्यवस्थापन कोषको छुट्टै बैंक खाताबाट कारोबार नगरी गा.पा.चालुको बैंक खाता मार्फत कारोबार गरेको देखिएकोले पालिकाले छुट्टै बैंक खाताबाट कारोबार गर्नुपर्दछ ।

(ग) पालिकाले स्वास्थ्यकर्मीहरुलाई यस आ.ब.मा जोखिम भता भुक्तानी नदिइ आ.ब.२०७७।०७८ मा मात्र भुक्तानी दिएको तथा सुरक्षाकर्मी ७ जनालाइ रु.१३६१२५।०० र ३७ जना प्रशासनिक कर्मचारीहरुलाइ रु.७४१४८३।०० गरी जम्मा रु.८७७६०८।०० गा.पा.चालु शिर्षकबाट खर्च लेखेको जोखिम भत्ता कोभिड खर्च बिबरणमा समावेश गरिएको छैन ।

80. जोखिम आंकलन र पूर्व तयारीः पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदाय तह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धित का कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरी कार्ययोजना तयार गरेको छैन ।

81. क्वारेन्टाइन व्यवस्थापनः- पालिकाबाट १५ वटा विद्यालयहरु तथा १ वटा अदुवा प्रशोधन केन्द्र गरी जम्मा १६ वटामा क्वारेन्टीन /होल्डीङ सेन्टर ३१० वेडको संचालन गरेको, दैनकि रुपमा अधिकतम वसेको ५७ जना र २०७७ आषाढ मसान्त सम्म ३९२ जना क्वारेन्टिनमा वसेको विवरण प्राप्त भएको छ । पालिकाबाट पेश भएको कोभिड फाराम नं.११ मा क्वारेन्टिन निर्माणमा रु.१०१७९८५।०० तथा संचालन र व्यवस्थापनमा क्रमश रु.१७१५४६८।०० गरि जम्मा रु.२७३३४५२/- खर्च भएको उल्लेख भएकोमा फाराम नं. २ को आय व्ययमा क्वारेन्टाइन निर्माण तथा संचालन व्यवस्थापनमा रु.२६६९०७९।०० उल्लेख भएकोले रु.६४३७४।०० खर्च रकम फरक परेको सम्बन्धमा पालिलकाले स्पष्ट गर्नुपर्दछ । पालिकाले क्वारेन्टिन र आइसोलेशन व्यवस्था गर्न तत्काल आवश्यक सामाग्री र पछी आवश्यक पर्ने सामाग्रीको विवरण तयार गरी सार्वजनिक खरिद ऐन २०६३को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष

CamScanner

परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद नगरी कर्मचारी /पदाधिकारी बाट सोझै खरिद गरेको देखिएकोले नियमको परिपालना भएको पाइएन ।

82. **सोधभर्ना भुक्तानी-** पालिकाले कोभिड खर्च बापत खरिद गरेको सामान तथा औषधिहरुको बिल भरपाइ पेश भएपश्चात सिधै सप्लायर्सलाइ भुक्तानी दिनुपर्नेमा देहाय अनुसार कर्मचारी मार्फत खरिद गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

गो.भौ.नं. र मिति	रकम	बिवरण	सप्लायर्सको नाम	कैफियत
४।२०७७।२।९	६४२८९	औषधि	६ वटा सप्लायर्स	स्वास्थ्य संयोजक मार्फत खरिद गरेको
५३।२०७७।३।३१	४०५२३५	क्वारेन्टाइन सम्बन्धि बिभिन्न सामानहरु	७ वटा सप्लायर्स	बिभिन्न ७ वटा सप्लायर्सहरुबाट सामान खरिद गरेकोमा स्वास्थ्य संयोजक मार्फत बिनिता इम्पोरियम रामपुरका राजेन्द्र प्रसाद बास्ताकोटीलाइ बैंक खातामा कर कट्टा गरी रु.३९८१५७।०० दाखिला गरेको देखिएकोले अन्य ६ वटा सप्लायर्सको रकम समेत एकै सप्लायर्सलाइ पठाएको कारण स्पष्ट गर्नुपर्दछ ।
जम्मा	४६९५२४			

83. **राहत सामाग्री खरिद तथा वितरण सम्बन्धमा :**

(क) पालिकाले गुजारा चलाउन नसक्ने हरुका लागि विवरण गर्नु पर्ने नामावली सहित आवश्यक पर्ने राहत सामाग्रीको विवरण तयार गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद गर्नुपर्नेमा पालिकाले बिभिन्न आपूर्तिकर्ताहरुबाट रु.९६५७८६।०० खाद्यान्न खरिद गरी राहत वितरण गरिएको देखियो । पालिकाले राहत वितरण गर्दा गुजारा चलाउन नसक्ने वास्तविक राहत उपलब्ध गराउनु पर्ने विवरण लिई आवश्यक परिमाण विवरण तयार गरी सार्वजनिक खरिद ऐन नियमको पालना गरी खरिद गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । पालिकाबाट प्राप्त बिबरण अनुसार वडा अनुसार निम्न वमोजिम राहत वितरण भएको देखिन्छ

वडा नं.	राहत सामाग्री खरिद रकम	राहत लाभग्राही परिवार संख्या	राहत लाभग्राही परिवार जनसंख्या
१	९६५५८६	१०७	४८०
२		७३	३११
३		७२	३४७
४		८६	५५०
५		९०	३७०
६		६५	२८४
७		८६	३९५
जम्मा		५७९	२५२३

पालिकाबाट पेश भएको कोभिड फाराम नं.१७ मा रु.९६५५८६।०० उल्लेख भएकोमा फाराम नं.२ को आय व्ययमा रु.१११७०४४/- खर्च भएको उल्लेख भएकोले आय व्यय बिवरणमा रु.१५१४५८।०० खर्च रकम फरक परेको सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ ।

84. **केश अनुसन्धान तथा कन्ट्र्याक खोजपड्तालः** पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथा खोज पड्तालका लागी १ टिम गठन गरी ३६ खोज पड्ताल गरिएको खोजपड्ताल बाट कुनै पनि संक्रमित पहिचान नभेटिएको बिबरण प्राप्त भएको छ । यसरी पालिकाले कोभिड वापत रु.६०५१५३९।०० खर्च लेखांकन गरेकोमा कोभिडको खोज पड्ताल ३६ मात्र गरेको र कुनै पनि संक्रमित भेटिएको नदेखिदाँ कोभिडमा भएको खर्चका सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ ।

85. **औषधि, स्वास्थ्य सामाग्री एवं उपकरण खरिदः** पालिकले कोभिड- १९ को रोकथाम तथा नियन्त्रणका लागि तत्काल र पछि आवश्यक पर्ने औषधि तथा स्वास्थ्य सामाग्री एवं उपकरणको आवश्यकताको पहिचान गरी विवरण तयार गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार नगरी पटक पटक सोझै रु.९९७७१४/- को औषधि खरिद गरेको छ । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद विधि अवलम्वन

CamScanner

गर्न नसक्दा एउटै सामान फरक फरक मूल्यमा खरिद भएको अवस्था छ । अत :पालिकाले तत्काल आवश्यक पर्ने र पछि आवश्यक पर्ने औषधि तथा सामाग्रीहरुको आवश्यकता पहचान गरी सार्वजनिक खरिद ऐन र नियमावली मा व्यवस्था भए अनुसारको खरिद विधि अवलम्बन गरी खरिद गर्नु पर्नेमा नियमावलीको परिपालना गरेको छैन । सोथै पालिकाबाट पेश भएको कोभिड फारम नं.४ मा औषधि खरिदमा रु.९९७७१५।०० खर्च भएको बिबरण पेश भएकोमा फारम नं. २ को आय व्यय बिबरणमा रु.११३३९५६।०० उल्लेख भएकोले रु.१३६२४१।०० फरक परेको देखिएकोले यस सम्बन्धमा पालिकाले स्पष्ट गर्नुपर्दछ ।

४६. गाडि भाडा - भारत र अन्य मुलुकबाट नेपाल प्रवेश गरेका नागरिकहरुलाई जिल्ला सदरमुकाम हुदै सम्बन्धित स्थानीय तहको क्वारेन्टाइन पुर्याउन यातायात साधनको लागी रु.५०१७००।०० खर्च भएको विवरणमा उल्लेख छ। पालिकाले ब्यवस्थित तरिकाबाट सम्बन्धित स्थानीय तहको क्वारेन्टाइन सम्म पुर्याउन अन्य पालिकाहरुसंग समन्वय गरेको छैन त्यस्तै सवारी चालक तथा सावरी धनि संग पनि व्यवस्थित रुपमा यातायात संचालन गरी अलपत्र परेका नागरिकलाई ल्याउन का लागी के कति रकममा कहादेखी कहासम्म संचालन गर्न सकिने वार्ता गरी भाडा तय गर्ने गरेको अवस्था छैन।कुन दिन कुन गाडी पठाई के कति नागरिकलाई उद्दार गरेको हो सो सम्बन्धि अभिलेख तथा बिबरण राखेको अवस्था पनि छैन । सवारी चालक तथा सवारी धनीहरुलाई यातायात भाडा रकम भुक्तानी गर्दा के कति संख्यामा नागरिकलाई उद्दार गरिएको एवम राहात सामाग्री बितरणमा गाडी भाडा भुक्तानी गरेकोमा प्रयोग भएको सवारीमा ढुवानी भएको सामाग्रीको नाम परिमाण तथा कुन मितिमा ढुवानी गरेको हो विवरण सम्म पनि नराखी खर्च लेख्ने गरेको छ । यस सम्बन्धि केही बिबरण देहाय अनुसार छ

बिबरण	गाडि नं. र सवारीधनीको नाम	मिति	रकम
सुनौली वोर्डरदेखि तानसेन निस्दी होल्डिङ्ग सेन्टर	लु.१ ख.७०६२ अनिल राना	२०७७।२।१८	२२२००
सुनौली वोर्डरदेखि तानसेन निस्दी होल्डिङ्ग सेन्टर	लु.१ ख.७०६२ अनिल राना	२०७७।२।१७	२२२००
सुनौली वोर्डरदेखि तानसेन निस्दी होल्डिङ्ग सेन्टर	लु.१ ख.७०६२ अनिल राना	२०७७।२।१५	३३३००
सुनौली वोर्डरदेखि तानसेन निस्दी होल्डिङ्ग सेन्टर	लु.१ ख.७०६२ अनिल राना	२०७७।२।१३	२२२००
सुनौली वोर्डरदेखि तानसेन निस्दी होल्डिङ्ग सेन्टर	लु.१ ख.७०६२ अनिल राना	२०७७।२।१०	२२२००

माथि उल्लेखित बिबरण अनुसार गो.भौ.नं.१८।२०७७।२।१९ बाट सुनौलीदेखि तानसेन होल्डिङ्ग सेन्टर र निस्दी गाउँपालिकासम्म बिभिन्न मितिमा लु.१ ख ७०६२ को बसका धनि अनिल रानालाइ भाडा रकम भुक्तानी दिएकोमा ४ दिन प्रति दिन रु.२२२००।०० का दरले रु.८८८००।०० भुक्तानी दिएकोमा मिति २०७७।२।१५ गते रु.३३३००।०० भुक्तानी दिएकोले रु.१११००।०० का सम्बन्धमा पालिकाले सो हुनुको पुष्टाइ सहित प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. १११००

निस्दी गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क.स	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	निस्दी गाउँपालिका	पाल्पा	३६२७१	३५५०७८	८२८३९	१६६३२	११९४९८	६१०३१८	२३०७०७	१४१६६६	१४०१७५४	५१३१२७	९७१९१

अनुसुची-२

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क.स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजत पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	पाल्पा	निस्दी गाउँपालिका	७६	४२	२४६७९	१	११	४८८८	७५	३१	१९७९१	४६६	४१६४	१५१३१	०	०	१९२९५	०	३०	३०

अनुसुची-३

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

क.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो वर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	निस्दी गाउँपालिका	पाल्पा	५०३७४	०	५०३७४	०	१९७९१	७०१६५